# धार्चे गाउँपालिकाको १८ औं गाउँ सभामा

## उपाध्यक्ष श्री सुनिला गुरुङ द्धारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को
# वजेट वक्तव्य

**धार्चे गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**माछिखोला, गोरखा**

**गण्डकी प्रदेश, नेपाल ।**

२०८२ असार २३ गते

# धार्चे गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३
# बजेट तथा कार्यक्रम

**आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु एवम् राष्ट्रसेवक कर्मचारीहरु ।**

धार्चे गाउँपालिकाको आजको यस सम्मानीत गाउँसभाको १८ औ अधविशनमा गाउँ कार्यपालकिाको उपाध्यक्षको हैसियतले आगामी आ.व. २०८२/०८३ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरव महसुस गरेको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र, प्रजातान्त्रिक मूल्य, मान्यता र जनताको हक अधिकारको निम्ति आफ्नो अमुल्य जीवनको उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । देशमा भएका सबै किसिमका सकारात्मक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने अग्रज तथा शिखर व्यक्तित्व प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।

यस अवसरलाई जनताको चाहाना अनुरुपको संघीय स्वरुप अन्तर्गत स्थापित स्थानीय तहले जनतलाई स्थानीय तहवाटै प्रभावकारी सेवा सुविधा उपलब्ध गराई "सुन्दर, सुरक्षित, समृद्ध धार्चे" भन्ने मूल नारालाई आत्मासात गर्दै यस वर्षको बजेट तथा कार्यक्रमलाई न्यायपूर्ण रुपमा स्रोतको बाँडफाँड गरी उपलब्धी हासिल गर्ने प्रस्थान विन्दुको रुपमा लिएको छु ।

आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाँउपालिकाको नीति तथा कार्यक्रम, चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई अनुभवको रुपमा लिएको छु। त्यसै गरी धार्चे गाउपालिकाको आवधिक योजना, मध्यकालिन खर्च संरचना तथा विभिन्न भेलाबाट आएको सुझाव, गाउँसभा सदस्यहरुको सल्लाह र सुझावलाई मार्ग दर्शनको रुपमा लिएको छु । साथै धार्चेको विकास प्रति सकरात्मक सोच राख्ने दाजुभाइ दिदीवहिनीहरुको रचनात्मक सल्लाहा सुझाव, आशा र भरोसालाई समेत ध्यानमा राखी सबै क्षेत्र, वर्ग, लैंगिकता र भूगोललाई सम्मान तथा समावेशी, पारदर्शी, जवाफदेही र उत्तरदायी रुपमा सम्बोधन गर्ने कोशीश गरेको छु ।

यो वजेट निर्माणमा गाउँपालिकाको समग्र पक्षलाई ध्यानमा राखी निर्माण गरिए तापनि कतिपय सम्बोधन नगरी नहुने क्षेत्र तथा पहिचान नभएका क्षेत्रमा बजेट विनियोजन हुन नसकेको अथवा प्रयाप्त नभएको अवस्थालाई यस सम्मानित सभाले आगामी आ.व. को नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा रचनात्मक एवम् सिर्जनात्मक सल्लाहा तथा सुझाव प्रदान गर्ने छ भन्ने पूर्ण विश्वास लिएको छु । साथै प्राप्त हुने त्यस्ता सल्लहा एवम सुझावलाई समावेश गर्ने प्रयत्न गर्ने प्रतिवद्धता पनि व्यक्त गर्दछु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म "सुन्दर, सुरक्षित, समृद्ध धार्चे" भन्ने धार्चे गाउँपालिकाको दीर्घकालिन सोंचलाई मुर्तरुप दिन आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम निर्माण गर्दा लिईएका उद्धेश्यहरु, आधारहरु एवम् प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**<u>बजेटका उद्देश्यहरु :-</u>**

१. सुन्दर, सुरक्षित, समृद्ध धार्चे निर्माणको आधार तयार गर्ने ।
२. जनताको मौलिक हकका रुपमा रहेका न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति गर्ने ।
३. गाउँपालिकाबाट प्रदान गरिने सेवामा नागरिकहरुको पहिचान, प्रतिनिधित्व र पहुँचमा अभिवृद्धि गर्ने ।

४. सार्वजनिक निर्माणलाई गुणस्तरीय तथा दिगो अवधारणामा सम्पन्न गर्ने ।
५. सुशासनको अवधारणालाई लागु गर्ने ।
६. जनतालाई आत्मनिर्भरता तर्फ उन्मुख गराउने हेतुले रोजगारी र स्वरोजगारीका नयाँ स्रोत खोजी गर्ने र धार्चेवासीको क्षमताको उच्चतम सदुपयोग गरि समृद्ध गाउँपालिका निर्माण गर्ने ।
७. समाजवाद उन्मुख ग्रामीण अर्थतन्त्रको विकास गर्न कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउने ।
८. भ्रष्टाचाररहित, वित्तिय अनुशासन, पारदर्शीता, जवाफदेहिता र उत्तरदायी शासकीय व्यवस्था मार्फत सुशासन प्रवर्द्धन गर्ने ।
९. गाउँ क्षेत्रमा विद्यमान रहेका सामाजिक, साँस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा जोड दिने ।
१०. सबै बालबालिकाका लागि अनिवार्य र नि:शुल्क आधारभूत शिक्षाको प्रत्याभूति दिलाउने ।
११. आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको सरल र सहज पहुँच सुनिश्चित गर्ने ।
१२. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न, असहाय, सिमान्तकृत लगायतका समुदायको हक हित संरक्षण गरि सोको सुनिश्चित गर्ने ।

**बजेट तथा कार्यक्रम तर्जुमाका आधारहरु :-**

१. नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकहरु राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु ।
२. संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
३. संघीइ सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु
४. प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु
५. संघीय र प्रदेश सरकारको आ.व. २०८२/०८३ को नीति योजना कार्यक्रम र बजेटका उद्धेश्यहरु
६. स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधानहरु
७. धार्चे गाउँपालिकाको आवधिक विकास योजनाले तय गरेका नीति तथा प्राथमिकताहरु
८. धार्चे गाउँपालिकाको मध्यमकालीन खर्च संरचना, राजश्व सुधार कार्ययोजना, क्षमता विकास योजना, सडक गुरुयोजना, जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्ययोजना लगायतका योजनाका प्राथमिकताहरु
९. विकासका समसामयिक मुद्धाहरु जस्तै- दिगो विकास लक्ष्य, जलवायु परिवर्तन, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास
१०. धार्चे गाउँपालिकाको विगतका नीति योजना कार्यक्रम तथा बजेटको समिक्षाबाट प्राप्त उपलब्धिहरु
११. जनप्रतिनिधि कर्मचारी राजनीतिक दल वुद्धिजिवी शिक्षाप्रेमी समाजसेवी लगायत गाउँवासी आमा बुबा तथा दाजुभाइ दिदी बहिनीहरुले दिएका सल्लाह तथा सुझावहरु
१२. विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले दिएका सल्लाह तथा सुझावहरु ।

**बजेट तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु :-**

१. कृषि तथा पशु व्यवसायको आधुनिकिकरण, व्यवसायीकरणमा तथा विविधीकरणमा जोड दिने ।
२. सडक स्तरोन्नतीमा जोड ।
३. गुणस्तरीय स्वास्थ्य सेवामा वृद्धि ।
४. गुणस्तरीय शिक्षा तथा प्राविधिक शिक्षामा जोड ।
५. जनताको आय आर्जनमा वृद्धि गरी समृद्ध धार्चेको परिकल्पना साकार पार्ने ।
६. जनताको न्यायमा पहुँचको विस्तार गर्न न्यायिक समितिको काम कारवाहीलाई प्रभावकारी बनाउने ।
७. समुदायमा सूचना प्रविधिको पहुँचमा जोड दिने ।

८. लैङ्गिक सहभागिता, समानुपातिक र समावेशितामा जोड दिने ।
९. सार्वजनिक सेवा प्रवाह, सुशासन तथा प्रभावकारीता सचेतना कार्यक्रम संचालन गर्ने ।
१०. शुद्ध पिउने पानी तथा सरसफाईमा पहुँच वृद्धि ।
११. लोपोउन्मुख परम्परागत र मौलिक ज्ञान सिपलाई संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्दै पुस्ता हस्तान्तरण गर्ने।
१२. धार्चेको कला, संस्कार, संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनमा जोड दिने ।
१३. सामुदायमा कल्याणकारी कोषको व्यवस्था गरी आय आर्जनमा वृद्धि गर्ने ।
१४. जेष्ठ नागरिक, अपाङग तथा बालबालिकालाई सम्मान तथा प्रोत्साहन गर्ने ।
१५. धार्चेमा कृषि प्रवर्द्धन गर्न मिनी सुपरजोन स्थापना गर्ने ।

**आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु एवम् राष्ट्रसेवक कर्मचारीहरु ।**

अब म आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आयको विवरण यस सम्मानित सभा समक्ष पेश गर्न अनुमति चाहन्छु।

आ.व. २०८२/०८३ को अनुमानित आय

| सि.नं. | स्रोत समूह | अनुमानित आय |
|---|---|---|
| १ | संघीय सरकार, नेपाल सरकार,१३३११-समानिकरण अनुदान, नगद अनुदान | १०,६०,००,००० |
| २ | संघीय सरकार, नेपाल सरकार,१३३१२-शसर्त अनुदान चालु, नगद अनुदान | १७,७७,००,००० |
| ३ | संघीय सरकार, नेपाल सरकार,१३३१३-शसर्त अनुदान पुँजीगत, नगद अनुदान | ६,००,००० |
| ४ | संघीय सरकार, नेपाल सरकार,१३३१७-समपुरक अनुदान पुँजीगत, नगद अनुदान | २२,००,००० |
| ५ | संघीय सरकार, नेपाल सरकार बिशेष अनुदान | १,५०,००,००० |
| ६ | राजस्व बाडफाड,राजस्व बाँडफाँड - संघीय सरकार,१००२०-राजस्व बाँडफाँड, नगद | १०,२६,०३,६९१ |
| ७ | प्रदेश सरकार समानीकरण अनुदान | १,१९,०२,००० |
| ८ | प्रदेश सरकार राजस्व वाँडफाँड | १,१३,६५,००० |
| ९ | प्रदेश सरकार समपुरक अनुदान | ६०,००,००० |
| १० | प्रदेश सरकार बिशेष अनुदान | ४०,००,००० |
| ११ | प्रदेश सरकार सशर्त अनुदान पूँजीगत | २,००,००० |
| १२ | बैक मौज्दात /अल्या २०८१/०८२ | ६,००,००,००० |
| १३ | आन्तरिक श्रोत | ७०,००,००० |
| | कुल जम्मा | ५०,४५,७०,६९१ |

<u>**संघिय सरकारतर्फको अनुमानित आय:-**</u>

क. समानीकरण अनुदानतर्फ - रु. १० करोड ६० लाख
ख. राजश्व वाँडफाँडतर्फ - रु. १० करोड २६ लाख ३ हजार ६९१
ग. सशर्त अनुदान चालुतर्फ - रु. १७ करोड ७७ लाख
घ. सशर्त अनुदान पूँजीगततर्फ - रु. ६ लाख
ङ. विशेष अनुदानतर्फ - रु. १ करोड ५० लाख
च. समपूरक अनुदानतर्फ - रु. २२ लाख

<u>**प्रदेश सरकारतर्फको अनुमानित आय:-**</u>

क. समानीकरण अनुदानतर्फ - रु. १ करोड १९ लाख २ हजार
ख. राजश्व वाँडफाँडतर्फ - रु. १ करोड १३ लाख ६५ हजार

ग. सशर्त अनुदान पूँजीगततर्फ - रु. २ लाख

घ. विशेष अनुदानतर्फ - रु. ४० लाख

ङ. समपूरक अनुदानतर्फ - रु. ६० लाख

**आन्तरिक स्रोततर्फको अनुमानित आय:-**

क. बैक मौज्दात तथा आल्यहाबाट - रु. ६ करोड

ख. राजश्व संकलनबाट - रु. ७० लाख

कूल जम्मा अनुमानित आय — रु. ५० करोड ४५ लाख ७० हजार ६९१ रुपैया रहको छ ।

**आदरणीय गाउँसभाका सभाध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु एवम् राष्ट्रसेवक कर्मचारीहरु ।**

अब म आर्थिक वर्ष २०८२/०८३ को क्षेत्रगत तथा कार्यक्रमगत विस्तृत अनुमानित व्ययको विवरण यस सम्मानित सभा समक्ष पेश गर्न अनुमति चाहन्छु ।

**आर्थिक बर्ष २०८२/८३ को बिषयगत बजेट**

| क.सं. | विवरण | गा पा रकम | वडा गत रकम | सर्शत रकम | जम्मा |
|---|---|---|---|---|---|
| **क** | **आर्थिक विकास** | | | | |
| १ | कृषि तथा खाद्य सुरक्षा | ७०,००,००० | २,००,००० | १३,००,००० | ८५,००,००० |
| २ | सिचाई | १०,००,००० | | | १०,००,००० |
| ३ | पशु सेवा | ५५,००,००० | ३,००,००० | ११,००,००० | ६९,००,००० |
| ४ | उद्योग व्यवसाय | १५,००,००० | १,५०,००० | ९,००,००० | २५,५०,००० |
| ५ | पर्यटन तथा संस्कृति | ८०,००,००० | ४२,००,००० | | १,२२,००,००० |
| ६ | भूमि व्यवस्था तथा सहकारी | २,००,००० | | | २,००,००० |
| ७ | श्रम रोजगार तथा गरीवी निवारण | ३५,००,००० | १,००,००० | ४०,००,००० | ७६,००,००० |
| | | **२,६७,००,०००** | **४९,५०,०००** | **७३,००,०००** | **३,८९,५०,०००** |
| **ख** | **सामाजिक विकास** | | | | |
| १ | शिक्षा, भाषा तथा साहित्य | २,००,००,००० | १८,५०,००० | १३,०४,००,००० | १५,२२,५०,००० |
| २ | स्वास्थ्य तथा पोषण | १,७०,००,००० | ८,००,००० | ४,३५,००,००० | ६,१३,००,००० |
| ३ | खानेपानी तथा सरसफाई | १५,००,००० | २५,५०,००० | १,५०,००,००० | १,९०,५०,००० |
| ४ | महिला वालवालिका तथा सामाजिक समावेशी | ३५,००,००० | ८,००,००० | | ४३,००,००० |
| ५ | राष्ट्रिय परीचयपत्र तथा पन्चिकरण | १०,००,००० | | ५,००,००० | १५,००,००० |
| ६ | यूवा तथा खेलकुद | २०,००,००० | २०,५०,००० | | ४०,५०,००० |
| | | **४,५०,००,०००** | **८०,५०,०००** | **१८,९४,००,०००** | **२४,२४,५०,०००** |
| **ग** | **पूर्वाधार विकास** | | | | |
| १ | बस्ति विकास, आवास तथा भवन | ४,५०,००,००० | १,२४,००,००० | ८,००,००० | ५,८२,००,००० |
| २ | सडक तथा यातायात+पुल+DPR | २,५०,००,००० | ८५,५०,००० | ८२,००,००० | ४,१७,५०,००० |
| ३ | जलस्रोत विद्युत तथा वैकल्पिक | १०,००,००० | | | १०,००,००० |
| ४ | सूचना संचार तथा प्रविधि | २०,००,००० | | | २०,००,००० |
| | | **७,३०,००,०००** | **२,०९,५०,०००** | **९०,००,०००** | **१०,२९,५०,०००** |
| **घ** | **वन तथा वातावरण क्षेत्र** | | | | |
| **१** | वन भू-संरक्षण र जैविक विविधता | १०,००,००० | ५,५०,००० | | १५,५०,००० |
| **२** | जलबायु परिवर्तन अध्ययन | ५,००,००० | | | ५,००,००० |
| ३ | वातावरण तथा फोहोर मैला व्यवस्थापन | १५,००,००० | ५०,००,००० | | ६५,००,००० |
| ४ | विपद व्यवस्थापन कोष | ४०,००,००० | | | ४०,००,००० |
| | | **७०,००,०००** | **५५,५०,०००** | | **१,२५,५०,०००** |
| **ग** | **संस्थागत विकास** | | | | |
| १ | नीति कानुन न्याय तथा सुशासन | २०,००,००० | | | २०,००,००० |
| २ | संगठन मानव संशोधन र क्षमता विकास | १०,३१,७०,६९१ | १५,००,००० | | १०,४६,७०,६९१ |
| ३ | राजश्व तथा स्रोत परिचालन | ५,००,००० | | | ५,००,००० |
| ४ | तथ्याङ्क, योजना तथा विकास परिचालन | ५,००,००० | | | ५,००,००० |
| | | **१०,६१,७०,६९१** | **१५,००,०००** | | **१०,७६,७०,६९१** |
| **घ** | **दायित्व** | | | | |
| | **जम्मा** | **२५,७८,७०,६९१** | **४,१०,००,०००** | **२०,५७,००,०००** | **५०,४५,७०,६९१** |

## आ.व.२०८२/०८३ को क्षेत्रगत तथा कार्यक्रमगत विनियोजन

| | | |
|---|---|---|
| **आर्थिक विकास** | **२,६७,००,०००** | **२ करोड ६७ लाख** |
| **कृषि** | | |
| कृषिमा उत्पादनको आधारमा नगद अनुदान | २०,००,००० | २० लाख |
| फलफुर वगैचा सुदृढिकरण कार्यक्रम | ५,००,००० | ५ लाख |
| धार्चेमा उत्पादित बस्तुको बजारीकरण ब्रान्डिङ तथा प्रचार प्रसार | १०,००,००० | १० लाख |
| नर्शरी व्यवस्थापन निरन्तर कार्यक्रम | ३,००,००० | ३ लाख |
| तरकारी विउ विजन वितरण कार्यक्रम | २,००,००० | २ लाख |
| कृषि उत्पादनमा संघ सस्था संग साझेदारी | १०,००,००० | १० लाख |
| रैथाने वालि परिकार वनाउने तालिम | २,००,००० | २ लाख |
| कृषकको आवश्यकता अनुरुप मागमा आधारित कार्यक्रम | ५,००,००० | ५ लाख |
| आवश्यक कृषि सामाग्री खरिद | ३,००,००० | ३ लाख |
| धानखेती प्रवर्धन कार्यक्रम | ३,००,००० | ३ लाख |
| पिजिएस अर्गानिक घोषणा कार्यक्रम | ७,००,००० | ७ लाख |
| **जम्मा** | **७०,००,०००** | ७० लाख |
| **सिचाई** | **१०,००,०००** | १० लाख |
| **पशु सेवा** | | |
| मासुजन्य उत्पादनको आधारमा नगद अनुदान | २०,००,००० | २० लाख |
| निशुल्क औषधी वितरण | ७,००,००० | ७ लाख |
| रेबिज डे मनाउन तथा वन्ध्याकरण शिबिर | २,५०,००० | २ लाख ५० हजार |
| घाँसको नर्सरी व्यवस्थापन | ३,००,००० | ३ लाख |
| पशुहरुको आन्तरिक तथा बाह्य परजिबी नियन्त्रण कार्यक्रम | ४,००,००० | ४ लाख |
| प्राविधिक हरुको त्रैमासीक वैठक तथा प्रगति समिक्षा | १,००,००० | १ लाख |
| गोठका लागी खानेपानी व्यवस्थापन | १०,००,००० | १० लाख |
| व्यवसायिक पशुपंक्षी सम्बन्धी तालिम | २,००,००० | २ लाख |
| सामुदायिक विद्यालयमा One Health तथा जोनोटिक रोग वारेमा अभिमुखिकरण क | १,५०,००० | १ लाख ५० हजार |
| पशुपंक्षी तथा मत्स्य पालन विमा प्रवर्द्धन कार्यक्रम संचालन | ४,००,००० | ४ लाख |
| **जम्मा** | **५५,००,०००** | ५५ लाख |
| **लघु उद्यम विकास कार्यक्रम** | | |
| नयाँ उद्यमी सिर्जना साझेदारी कार्यक्रम | १२,००,००० | १२ लाख |
| पुन्रताजकी तथा स्तर उन्नती सिप विकास साझेदारी कार्यक्रम | २,००,००० | २ लाख |
| प्रविधि हस्तान्त्रण कार्यक्रम | १,००,००० | १ लाख |
| **जम्मा** | **१५,००,०००** | १५ लाख |
| **पर्यटन** | | |
| नासरंग छो पथ मार्ग | ७,००,००० | ७ लाख |
| हिमाल आरोहण तालिम अनुदान | ७,००,००० | ७ लाख |
| लम्पू हिमाल आरोहण ब्यबस्थापन | १०,००,००० | १० लाख |
| रुकाङ डाँडा पदमार्ग | ६,००,००० | ६ लाख |
| (न्याउली खोला झरना ) | ५०,००,००० | ५० लाख |
| | **८०,००,०००** | ८० लाख |
| | | |
| **भुमि ब्यबस्था तथा सहाकारी** | **२,००,०००** | २ लाख |
| भूमिहीन सुकुम्बासी जग्गा वितरण ब्यबस्थापन | २,००,००० | २ लाख |

| | | |
|---|---|---|
| **श्रम रोजगार तथा गरिबी निवारण** | | |
| रोजगार सिर्जना | ३१,२२,००० | ३१ लाख २२ हजार |
| यूवा रोजगार तालिम | ५०,००० | ५० हजार |
| रोजगार संवाद मंचको संचालन | ५०,००० | ५० हजार |
| श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | २८,००० | २८ हजार |
| रोजगार तथ्यांक संकलन | २,५०,००० | २ लाख ५० हजार |
| **जम्मा** | **३५,००,०००** | |
| **सामाजिक बिकास** | जम्मा | **४ करोड ५० लाख** |
| **शिक्षा भाषा तथा साहित्य** | | |
| करार शिक्षक तथा कर्मचारी छनौट ब्यबस्थापन खर्च | ६,००,००० | ६ लाख |
| आधारभुत विद्यालय शिक्षक प्रोहत्सन भत्ता | १०,००,००० | १० लाख |
| मा वि शिक्षक प्रोत्साहन भत्ता | २०,००,००० | २० लाख |
| गा पा अनुदान (कर्मचारी तथा शिक्षक तलब ) | ८०,००,००० | ८० लाख |
| मुल्याकन अभिलेख फारम | १,५०,००० | १ लाख ५० हजार |
| कक्षा ४ को स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाई | ३,५०,००० | ३ लाख ५० हजार |
| शिक्षक पाठ्ययोजना डायरी | १,२५,००० | १ लाख २५ हजार |
| स्थानिय मातृभाषामा पाठ्यक्रम निर्माण | ४,००,००० | ४ लाख |
| अतिरिक्त कक्षा व्यवस्थापन | १५,००,००० | १५ लाख |
| बालकक्षा(ECD)ब्यबस्थापन | ३,००,००० | ३ लाख |
| शैक्षिक क्यालेन्डर | १,५०,००० | १ लाख ५० हजार |
| रास्ट्रपति रनिंग शिल्ड ब्यबस्थापन | ६,००,००० | ६ लाख |
| कृषि संग बिधार्थी कार्यक्रम | १,००,००० | १ लाख |
| गरिब तथा जेहेन्दार बिध्यार्थीलाई छात्रवृत्ति | ५,००,००० | ५ लाख |
| BLE परिक्षा ब्यबस्थापन | ३,००,००० | ३ लाख |
| SEE परिक्षा केन्द्र ब्यबस्थापन | २,००,००० | २ लाख |
| प्र अ मासिक पैठक भत्ता | ४,००,००० | ४ लाख |
| ECD शिक्षक तालिम | २,००,००० | २ लाख |
| अतिरिक्त क्रियाकलाप | १,००,००० | १ लाख |
| अभिभाबक शिक्षा तथा अध्यक्ष/उपाध्यक्षसंग भेटघाट कार्यक्रम | ३,५०,००० | ३ लाख ५० हजार |
| आबासीय छात्रवृत्ति ब्यबस्थापन | २०,००,००० | विस लाख |
| बिद्यालय,शिक्षक र बिद्यार्थी प्रोत्साहन तथा पुरुस्कार | १,००,००० | १ लाख |
| वि.व्या.स.र शि.अ.सं.पदाधिकारी क्षमता विकास तालिम | १,५०,००० | १ लाख ५० हजार |
| बिषयगत शिक्षक तालिम | २,५०,००० | २ लाख ५० हजार |
| बिद्यालय प्रशासन कोठा ब्यबस्थापन | १,००,००० | १ लाख |
| Green School Project maching | ७५,००० | ७५ हजार |
| **जम्मा** | **२,००,००,०००** | **२ करोड** |

| | | |
|---|---|---|
| **स्वास्थ्य** | | |
| करार सेवामा स्वास्थ्य तथा कर्मचारी व्यवस्थापन | ८६,८०,००० | ८६ लाख ८० हजार |
| महिलाको पाठेघर मुखको क्यान्सर VIA परिक्षण कार्यक्रम | ८०,००० | ८० हजार |
| जेष्ठ नागरिक स्वास्थ्य परिक्षण तथा उपचार कार्यक्रम | ६,००,००० | ६ लाख |
| स्वास्थ्य संस्थाको विविध कार्यक्रम संचालनको लागि मशलन्द खर्च व्यवस्थापन | ६,००,००० | **६ लाख** |
| PLHIV ART Followup यातायात खर्च व्यवस्थापन | १,८०,००० | १ लाख ८० हजार |
| स्वास्थ्यकर्मी रात्री सेवा तथा जोखिम भत्ता प्रोत्साहन खर्च व्यवस्थापन | ४,००,००० | ४ लाख |
| न्युनतम सेवा मापदण्डको लागि स्वास्थ्य सामाग्री खरिद व्यवस्थापन | ५,००,००० | ५ लाख |
| स्वास्थ्य सहयोग व्यवस्थापन समिति HFOMC अभिमुखीकरण कार्यक्रम | १,६०,००० | **१ लाख ६० हजार** |
| स्वास्थ्यकर्मी तथा म.सा.स्व.सेहरुको क्षमता अभिवृद्धि तालिम | १,००,००० | **१ लाख** |
| eHMIS तालिम तथा अनसाईट कोचिङ कार्यक्रम व्यवस्थापन | २,००,००० | २ लाख |
| धार्चे आधारभुत अस्पताल पर्खाल निर्माण आयोजना | १५,००,००० | १५ लाख |
| मानसिक स्वास्थ्य अभिमुखीकरण तथा नसर्ने रोग Screening कार्यक्रम | २,००,००० | २ लाख |
| संक्रमण रोकथाम सम्वन्धी तालिम | १,००,००० | १ लाख |
| जम्मा | **१,७०,००,०००** | १ करोड ७० लाख |
| **खानेपानी तथा सरसफाई** | **१५,००,०००** | १५ लाख |
| **लैससास** | | |
| लैगींक हिंसा विरुद्दको १६ दिने अभियान व्यवस्थापन | ३,५०,००० | ३ लाख ५० हजार |
| एकल महिला तथा आर्थिक रुपमा विपन्न असहाय महिलाका लागि जिबिगोपर्जन का | ४,००,००० | ४ लाख |
| बाल मैत्री गाउँपालिका घोषणाका लागि आवश्यक कार्यक्रम तथा योजना निर्माण | २,००,००० | २ लाख |
| बाल प्रतिभा पहिचान कार्यक्रम | २,००,००० | २ लाख |
| अपांगता भयका व्यत्तिहरुका लागि आवश्यक सामाग्री वितरण | ३,००,००० | ३ लाख |
| महिला सशक्तिकरण कार्यक्रम | ९,००,००० | ९ लाख |
| नारी दिबस कार्यक्रम खर्च | १,५०,००० | १ लाख ५० हजार |
| मानव वेचविखन विरुद्द अभिमुखीकरण कार्यक्रम | २,००,००० | २ लाख |
| जातिय छुवाछुत मुक्त्र गाउँपालिका घोषणाका लागी जनचेतना मुलम कार्यक्रम | ३,००,००० | ३ लाख |
| वालक्लव तथा स्काउट सम्बन्धी कार्यक्रम | ३,००,००० | ३ लाख |
| वालदिवस कार्यक्रम खर्च | २,००,००० | २ लाख |
| जम्मा | **३५,००,०००** | **३५ लाख** |
| **राष्ट्रिय परीचयपत्र तथा पन्जिकरण** | | |
| पंजिकरण शाखा व्यवस्थापन | ५०,००० | ५० हजार |
| व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा सम्बन्धी भत्ता सम्बन्धि शिविर संचालन | १,५०,००० | १ लाख ५० हजार |
| व्यक्तिगत घटना दर्ता साप्ताहिक अभियान कार्यक्रम | १,००,००० | १ लाख |
| राष्ट्रिय परिचयपत्र नं.दर्ता शिविर संचालन | १,५०,००० | १ लाख ५० हजार |
| सामाजिक सुरक्षा तथा व्यक्त्रिगत घटना दर्ता सम्बन्धी तालिम संचालन कार्यक्रम | १,५०,००० | १ लाख ५० हजार |
| सामाजिक सुरक्षा भत्ता वितरण ब्यबस्थापन कार्यक्रम | ४,००,००० | ४ लाख |
| **जम्मा** | १०,००,००० | १० लाख |
| **युवा तथा खेलकुद** | २०,००,००० | २० लाख |

| | | |
|---|---|---|
| **पुर्वाधार विकास** | | **७ करोड ३० लाख** |
| बस्ति विकास आवास तथा भवन | ४,५०,००,००० | ४ करोड ५० लाख |
| गा.पा. भवन | २,००,००,००० | २ करोड |
| मेघा विद्यालय होस्टेल ब्लक निर्माण | ५०,००,००० | ५० लाख |
| मछिखोला ढल ब्यबस्थापन | १५,००,००० | १५ लाख |
| गुम्दा बहुउदेस्सिया सभा हल | २५,००,००० | २५ लाख |
| सेलका कुण्ड आमासमुह भवन | १०,००,००० | १० लाख |
| सिङला समुदाहिक खेल मैदान निर्माण | १०,००,००० | १० लाख |
| खोर्लाबिसी ढल ब्यबस्थापन | ८,००,००० | ८ लाख |
| मछिखोला सडक ग्राबेल | १५,००,००० | १५ लाख |
| खोरला खेलकुद मैदान व्यवस्थापन | ५,००,००० | ५ लाख |
| जनजागृति मा बि भवन ब्यबस्थापन | १०,००,००० | १० लाख |
| पाङगाङ मानी पर्खाल घेरावार | ३,००,००० | ३ लाख |
| गण्डकी मा.वि सौचालय मर्मत | २,००,००० | २ लाख |
| केरौजा सभाहल निर्माण | १०,००,००० | १० लाख |
| लामावेशी टोल विकास संस्था भवन पर्खाल निर्माण | ३,००,००० | ३ लाख |
| पार्वती आ.वि. खेलकुद मैदान स्तरोन्नती | ३,५०,००० | ३ लाख ५० हजार |
| खोर्लाबिसी गोरेटोवाटो निर्माण | ५,००,००० | ५ लाख |
| दुङ्ला गाउँ गोरेटो वाटो ढुङ्गा छोपनी | ५,५०,००० | ५ लाख ५० हजार |
| काँसिगाउँ खानेपानी मुहान निर्माण | ४,००,००० | ४ लाख |
| काँसिगाउँ सभाहल पहिरो नियन्त्रण डीपीआर | ३,००,००० | ३ लाख |
| काँसिगाउँ ढलनिकासा | ४,००,००० | ४ लाख |
| स्वास्थ्यचौकी आवश्यक सामाग्री खरिद | १,००,००० | १ लाख |
| मंजुश्री मा.वि.पक्कि भवन डिपिआर | २,००,००० | २ लाख |
| लाप्राक खेलकुद जग्गा सम्याउने | १०,००,००० | १० लाख |
| कोशेली घर व्यवस्थापन | ४,००,००० | ४ लाख |
| स्योतहोङ हुन्दुपुक मोटरवाटो निर्माण | ९,००,००० | ९ लाख |
| लापुवेशी यूवा समाज | ५,००,००० | ५ लाख |
| चिहान डाँडा ट्रस भवन निर्माण | १०,००,००० | १० लाख |
| मुम्रेदेवी घेरावार | २,५०,००० | २ लाख ५० हजार |
| कुलगाउँ ग्याविन तथा ढल व्यवस्थापन | १,५०,००० | १ लाख ५० हजार |
| डाँडागाउँ ढल व्यवस्थापन | ४,००,००० | ४ लाख |
| विच गाउँ पिपिसी वाटो निर्माण | ४,००,००० | ४ लाख |
| सभाहल जग्गा सम्याउने | ३,००,००० | ३ लाख |
| छेउगाउँदेखी हेलीप्याड सम्म गोरेटो वाटो | ३,००,००० | तिन लाख |
| जम्मा | **४,५०,००,०००** | **४ करोड ५० लाख** |
| **सडक** | | |
| लिदिंग देखि भिर्कुना सडक | १५,००,००० | १५ लाख |
| खानी गाउ यमा गाउँ सडक | २०,००,००० | २० लाख |
| पलुंग खोरला सडक | २०,००,००० | २० लाख |
| सर्जन्बेसी काशी गाउँ सडक | २५,००,००० | २५लाख |
| भि सी थमन मार्ग | १,५०,००,००० | १ करोड ५० लाख |
| युनान रोका | १०,००,००० | १० लाख |
| लामबेसी केरौंजा सडक | १०,००,००० | १० लाख |
| **जम्मा** | **२,५०,००,०००** | **२ करोड ५० लाख** |

| | | |
|---|---|---|
| जलश्रोत बिद्युत तथा बैकल्पिक उर्जा | **१०,००,०००** | **१० लाख** |
| **सूचना तथा प्रबिधि** | | |
| डिजिटल नागरिक बडापत्र जडान तथा टोल फ्री न . जडान | ५,००,००० | ५ लाख |
| डिजिटल अभिलेख सफ्टवयर जडान | ४,००,००० | ४ लाख |
| कर्मचारी तथा जनाप्रतिनिनिधीलाई ICT तालिम | २,००,००० | २ लाख |
| धार्चे भित्र मोबाइल सूचना प्रविधी | ५,००,००० | ५ लाख |
| विविध | ४,००,००० | ४ लाख |
| **जम्मा** | **२०,००,०००** | २० लाख |
| **बन तथा बाताबरण** | | |
| **बन ,भूक्षय संरक्षण र जैविक** | १०,००,००० | १० लाख |
| **बाताबरण फोहमैला व्यवस्थापन** | १५,००,००० | १५ लाख |
| **विपद व्यवस्थापन** | | |
| **विपद व्यवस्थापन कोष** | ४०,००,००० | ४० लाख |
| जलबायु परिबर्तन अनुकुलन सम्भाव्यता अध्ययन | ५,००,००० | ५ लाख |
| **जम्मा** | **७०,००,०००** | ७० लाख |
| **संस्थागत विकास** | **१०,६१,७०,६९१** | १० करोड ६१ लाख ७० हजार ६ सय ९१ |
| निति, कानुन न्याय तथा सुशासन | | |
| न्यायिक समिती सजिबालय ब्यबस्थापन | २,००,००० | २ लाख |
| न्यायिक समिती भेला | ४,००,००० | ४ लाख |
| सेवा तथा परामर्श(मुद्दा,ऐन ,कानुन ,कार्यविधि निर्माण ) | ५,००,००० | ५ लाख |
| मेलमिलाप कर्ता यातायात र प्रोत्साहन भत्ता खर्च | १,००,००० | १ लाख |
| मेलमिलाप कर्ताको पुनर्ताजगी | २,००,००० | २ लाख |
| वडा स्तरिय न्यायिक सचेतना कार्यक्रम | ५,१५,००० | ५ लाख १५ हजार |
| न्यायिक सहजकर्ताको तलव साझेदारी | ८५,००० | ८५ हजार |
| **जम्मा** | **२०,००,०००** | **विस लाख** |
| **संगठन मानव संशाधन र क्षमता विकास** | **१०,३१,७०,६९१** | १० करोड ३१ लाख ७० हजार ६ सय ९१ |
| कार्यालय संचालन खर्च (पारिश्रमिक,सभा ,सामग्री ,भाडा ,मर्मत ,बिबिध खरिद ) | | |
| **राजस्व श्रोत परिचालन** | **५,००,०००** | ५ लाख |
| **तथ्यांक,योजना तथा विकास** | ५,००,००० | ५ लाख |

# कार्यालय संचालन खर्च

| सि.नं. | कार्यक्रम /आयोजना /क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | बजेट (रु. हजारमा ) |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार | १८००० |
| २ | कर्मचारी पोशाक | २११२१ | राजस्व बाँडफाँड - संघीय सरकार | १२०० |
| ३ | कर्मचारीको बैठक भत्ता | २११३४ | राजस्व बाँडफाँड - प्रदेश सरकार | ८०० |
| ४ | कर्मचारी प्रोत्साहन भत्ता तथा पुरस्कार (गा पा र प्र अ ) | २११३५ | राजस्व बाँडफाँड - संघीय सरकार | १००० |
| ५ | पदाधिकारी बैठक भत्ता | २११४१ | आन्तरिक श्रोत | २००० |
| ६ | पदाधिकारीअन्य सुबिधा | २११४२ | राजस्व बाँडफाँड - संघीय सरकार | ३००० |
| ७ | पदाधिकारीअन्य सुबिधा | २११४२ | आन्तरिक श्रोत | ३००० |
| ८ | पदाधिकारीअन्य सुबिधा | २११४२ | राजस्व बाँडफाँड - संघीय सरकार | ३००० |
| ९ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान खर्च | २१२१२ | राजस्व बाँडफाँड - संघीय सरकार | २००० |
| १० | रास्ट्रिय दिबस ,मेला,पर्ब ब्यबस्थापन | २१२१४ | राजस्व बाँडफाँड - संघीय सरकार | ८०० |
| ११ | पानी तथा बिजुली | २२१११ | राजस्व बाँडफाँड - प्रदेश सरकार | ६०० |
| १२ | संचार महसुल | २२११२ | राजस्व बाँडफाँड - संघीय सरकार | ६०० |
| १३ | संचार महसुल+इन्टरनेट सेवा | २२११२ | राजस्व बाँडफाँड - प्रदेश सरकार | १००० |
| १४ | इन्धन (पदाधिकारी) | २२२११ | राजस्व बाँडफाँड - संघीय सरकार | ८०० |
| १५ | जनप्रतिनिधि स्वास्थ्य उपचार खर्च | २२२१२ | राजस्व बाँडफाँड - संघीय सरकार | ५०० |
| १६ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | राजस्व बाँडफाँड - संघीय सरकार | १२०० |
| १७ | सवारी साधन मर्मत खर्च | २२२१३ | राजस्व बाँडफाँड - प्रदेश सरकार | ८०० |
| १८ | सवारी साधन मर्मत खर्च | २२२१३ | राजस्व बाँडफाँड - संघीय सरकार | ८०० |
| १९ | सवारी साधन मर्मत खर्च | २२२१३ | आन्तरिक श्रोत | ८०० |
| २० | बिमा तथा नवीकरण खर्च | | गण्डकी प्रदेश - समानिकरण अनुदान | ६०० |
| २१ | मसलन्द तथा कार्यालय सामाग्री(गा पा र वडा ) | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार | ३००० |
| २२ | पत्र पत्रिका तथा सूचना प्रकाशन | २२३१९ | राजस्व बाँडफाँड - प्रदेश सरकार | १००० |
| २३ | करार कर्मचारी पारिश्रमिक तथा प्रोह्त्सन भत्ता (गा पा,शिक्षा,स्वास्ध्य) | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार | १२००० |
| २४ | कर्मचारी विभिन्न तालिम खर्च | २२५११ | राजस्व बाँडफाँड - संघीय सरकार | ६०० |
| २५ | वडा स्तरीय जनचेतना कार्यक्रम (बाल क्लब र स्काउट ) | २२५१२ | आन्तरिक श्रोत | ३०० |
| २६ | उपभोक्ता समितिका पदाधिकारीहरुलाइ अभिमुखिकरण सम्बन्धी तालिम | २२५१२ | राजस्व बाँडफाँड - संघीय सरकार | ३०० |
| २७ | वडा स्तरिय योजना छनौट | २२५१२ | | ४०० |
| २८ | गा पा सार्बजनिक सुनुवाइ तथा बार्षिक समिक्षा कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | ६०० |
| २९ | लोक सेवा आयोग तयारी कक्षा संचालन | २२५२२ | आन्तरिक श्रोत | २०० |
| ३० | विभिन्न कार्यक्रम खर्च | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | ८०० |
| ३१ | विविध कार्यक्रम खर्च | २२५२९ | राजस्व बाँडफाँड - संघीय सरकार | ८०० |
| ३२ | अनुगमन, मूल्यांकन खर्च | २२६११ | राजस्व बाँडफाँड - संघीय सरकार | २००० |
| ३३ | भ्रमण खर्च | २२६१२ | राजस्व बाँडफाँड - संघीय सरकार | ३५०० |
| ३४ | धार्चे स्काउट ब्यबस्थापन | २२६१९ | आन्तरिक श्रोत | ३०० |
| ३५ | गा पा स्तरिय जनप्रतिनिधि तथा कर्मचारी अध्ययन भ्रमण | २२६१९ | आन्तरिक श्रोत | १००० |
| ३६ | विविध खर्च | २२७११ | आन्तरिक श्रोत | १२०० |
| ३७ | विविध खर्च | २२७११ | राजस्व बाँडफाँड - संघीय सरकार | ३२७१ |
| ३८ | सभा सञ्चालन खर्च | २२७२१ | आन्तरिक श्रोत | १५०० |
| ३९ | महिला समुह /आमा समुहलाई उत्पादनमा आधारित बिउ पुंजी | | | १००० |
| ४० | अध्यक्ष आर्थिक साहयता कोष | २७२१९ | आन्तरिक श्रोत | १२०० |

| | | | | |
|---|---|---|---|---|
| ४१ | घरभाडा | २८१४२ | राजस्व बाँडफाँड - संघीय सरकार | १५०० |
| ४२ | JCV मर्मत तथा सेर्विसिंग | २८१४३ | राजस्व बाँडफाँड - संघीय सरकार | ७०० |
| ४३ | सवारी साधन भाडा | २८१४३ | राजस्व बाँडफाँड - संघीय सरकार | ८०० |
| ४४ | गा पा कम्प्यूटर ल्यापटप तथा अन्य आबश्यक मेशिनरी तथा औजार खरिद | ३११२२ | राजस्व बाँडफाँड - संघीय सरकार | १५०० |
| ४५ | फर्निचर तथा फिक्चर्स | ३११२३ | राजस्व बाँडफाँड - संघीय सरकार | १००० |
| ४६ | गुरु योजना तथा सम्भाव्यता अध्ययन | | | २००० |
| ४७ | JCV इन्धन | | | २५०० |
| ४८ | अयुवेर्दिक औषधि खरिद तथा कार्यक्रम | | | ५०० |
| ४९ | जनप्रतिनिधि स्वास्थ्य बिमा | | | ४०० |
| ५० | पालिका स्थापना दिबस | | | ५०० |
| ५१ | धार्चे कला संस्कृति संरक्षण | | | ५०० |
| ५२ | धार्चे सूचना केन्द्र निर्माण तथा संचालन खर्च | | | ५०० |
| ५३ | मोटर साइकल खरिद | | | २५०० |
| ५४ | मंगी भत्ता | | | १२०० |
| ५५ | स्थानीय भत्ता | | | ६०० |
| ५६ | प्राबिथिक कर्मचारी फिल्ड भत्ता | | | १५०० |
| ५७ | पर्यटन बोर्ड,सडक बोर्ड तथा अन्य संघ सस्था संग साझेदारी कार्यक्रम | | | १६०० |
| ५८ | भाषा अध्ययन छात्रवृत्ति | | | २०० |
| ५९ | जनप्रतिनिधि पोशाक | | | ४०० |
| ६० | बर्षायाममा सडक हेरालु को व्यवस्थापन | | | ५०० |
| ६१ | आकस्मिक सडक तथा बाटो निर्माण तथा मर्मत | | | ४००० |
| ६२ | धार्चे तमु साँस्कृतिक ब्यबस्थापन | | | ३०० |
| ६३ | गोर्खा क्याम्पस प्रोजेक्टर खरिद अनुदान | | | ३०० |
| ६४ | धार्चे तुमु पेलु संघ ब्यबस्थापन | | | २०० |
| जम्मा | | | | १०३१७१ |

| आर्थिक बर्ष २०८२/८३ को वडागत विनियोज | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | वडा गत रकम | वडा नं.१ | बजेट |
| **क** | **आर्थिक विकास** | | | **५,००,०००** |
| १ | कृषि तथा खाद्य सुरक्षा | २,००,००० | कृषि कार्यक्रम | २,००,००० |
| २ | सिचाई | | | |
| ३ | पशु सेवा | ३,००,००० | | |
| ४ | उद्योग व्यवसाय | १,५०,००० | | |
| ५ | पर्यटन तथा संस्कृति | ४२,००,००० | दोभान मण्डली व्यवस्थापन | २,००,००० |
| | | | | |
| | | | | |
| ६ | भूमि व्यवस्था तथा सहकारी | | | |
| ७ | श्रम रोजगार तथा गरीवी निवारण | १,००,००० | दलित आरान जस्तापाता खरिद | १,००,००० |
| | | **४९,५०,०००** | | |
| **ख** | **सामाजिक विकास** | | | **११,००,०००** |
| १ | शिक्षा, भाषा तथा साहित्य | १८,५०,००० | | |
| २ | स्वास्थ्य तथा पोषण | ८,००,००० | पोषण कार्यक्रम | ५०,००० |
| | | | | |
| ३ | खानेपानी तथा सरसफाई | २५,५०,००० | मखलाम खानेपानी पाइप खरिद | १,००,००० |
| | | | सल्लाघारी खानेपानी रिजर्व टंकी | २,००,००० |
| | | | याङ्सी चौतारा धारा निर्माण | ५०,००० |
| ४ | महिला वालवालिका तथा सामाजिक समावेशीकरण | ८,००,००० | | |
| | | | लालिगुराँस महिला समुह आवश्यक सामाग्री खरिद | १,००,००० |
| | | | वाल क्लव सामाग्री खरिद | ५०,००० |
| ५ | राष्ट्रिय परीचयपत्र तथा पन्चिकरण | | | |
| ६ | युवा तथा खेलकुद | २०,५०,००० | क्लव मैदान सम्याउने | ५,००,००० |
| | | **८०,५०,०००** | खेलकुद व्यवस्थापन | ५०,००० |
| | | | | |
| **ग** | **पूर्वाधार विकास** | | | **७,००,०००** |
| १ | बस्ति विकास, आवास तथा भवन | १,२४,००,००० | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| २ | सडक तथा यातायात+पुल+DPR | ८५,५०,००० | पाराङ गोरेटो बाटो निर्माण | २,००,००० |
| ३ | | | गाउँघर क्लिनिक देखि विद्यालय सम्म पिसिसि वाटो निर्माण | ५,००,००० |
| | | | | |
| ४ | जलस्रोत विद्युत तथा वैकल्पिक | | | |
| ५ | सूचना संचार तथा प्रविधि | | | |
| | | | | |
| | | **२,०९,५०,०००** | | |
| **घ** | **वन तथा वातावरण क्षेत्र** | | | **१४,००,०००** |
| **१** | वन भू-संरक्षण र जैविक विविधता | ५,५०,००० | | |
| **२** | जलबायु परिवर्तन अध्ययन | | | |
| ३ | वातावरण तथा फोहोर मैला व्यवस्थापन | ५०,००,००० | हुल्चुक ढल व्यस्थापन | १०,००,००० |
| | | | डम्पिङ साईट निर्माण | ४,००,००० |
| ४ | विपद व्यवस्थापन कोष | | | |
| | | **५५,५०,०००** | | |
| **ग** | **संस्थागत विकास** | | | **३,००,०००** |
| १ | नीति कानुन न्याय तथा सुशासन | | | |
| २ | संगठन मानव संशोधन र क्षमता विकास | १५,००,००० | वडा कार्यालय व्यवस्थापन | ३,००,००० |
| ३ | राजश्व तथा स्रोत परिचालन | | | |
| ४ | तथ्याङ्क, योजना तथा विकास परिचालन | | | |
| | | **१५,००,०००** | | |
| **घ** | **दायित्व** | | | |
| | **जम्मा** | ४,१०,००,००० | | ४०,००,००० |

| वडा नं. २ | बजेट | वडा नं. ३ | बजेट | वडा नं. ४ | बजेट |
|---|---|---|---|---|---|
| | १०,००,००० | | | | ५,००,००० |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| लामावेसी माने निर्माण | ९,००,००० | | | ईमान आरोही पार्क व्यवस्थापन | ५,००,००० |
| पोत्लामे माने जग्गा सम्याउने | १,००,००० | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | ५,००,००० | | १४,००,००० | | १७,००,००० |
| शिव आ.वि.व्यवस्थापन | १,००,००० | **सातकन्या मा.वि.गेट निर्माण** | १,५०,००० | मनिकाम मा.वि घेरावार तथा मर्मत | ५,००,००० |
| लामावेसी गाउँघर क्लिनिक व्यवस्थापन | १,००,००० | दुङ्ला आवि व्यवस्थापन | २,००,००० | लाप्राक स्वास्थ्य चौकि व्यवस्थापन | २,००,००० |
| केरौजा स्वास्थ्यचौकी व्यवस्थापन | २,००,००० | | | | |
| | | घले गाउँ खानेपानी ईनटेक निर्माण | ५,००,००० | पम्पिङ खानेपानी मुहान घेरवार | ३,५०,००० |
| | | | | | |
| | | | | | |
| | | | | आमा समुह भवन निर्माण | ३,५०,००० |
| | | | | धार्चे प्रगतिशिल महिला समुह व्यस्थापन | २,००,००० |
| | | | | | |
| | | | | | |
| राष्ट्रपति रनिङशिल्ड कार्यक्रम | १,००,००० | सातकन्या मा.वि.राष्ट्रपति रनिङशिल्ड | ५०,००० | राष्ट्रपति खेलकुद व्यवस्थापन | १,००,००० |
| | | उहिया खेलकुद मैदान निर्माण | ५,००,००० | | |
| | | | | | |
| | ४१,००,००० | | ३४,००,००० | | ४४,५०,००० |
| केरौजा सभाहल निर्माण | २०,००,००० | खोर्ला मण्डली पिसिसि तथा रेलिङवाटो | ४,००,००० | सामुदायिक भवन निर्माण | १६,००,००० |
| सैनिक भवन मर्मत तथा घेरावार | २,००,००० | अन्तरवेसी पिसिसिवाटो निर्माण | ४,००,००० | मनिडाँडा चौतारो निर्माण | १०,००,००० |
| | | खोर्ला देउचेत पिसिसिवाटो निर्माण | ५,००,००० | नयाँ बस्ती शौचालय निर्माण | ३,५०,००० |
| | | खोर्ला सिरान गाउँ पिसिसिवाटो निर्माण | ४,००,००० | | |
| | | खोर्ला दलित टोल पिसिसिवाटो निर्माण | ४,००,००० | | |
| | | लाकपाल गोरेटोवाटो निर्माण | ४,००,००० | | |
| | | दुङ्ला गोरेटोवाटो निर्माण | ७,००,००० | | |
| | | रमाङ्चेत देखि दुङ्ला गोरेटोवाटो निर्माण | २,००,००० | | |
| रुन्चेत कमनन सडक निर्माण | १०,००,००० | | | लाप्राक शाखा सडक स्तरउन्नती | १५,००,००० |
| चेत्थो देखि टाथो सम्म गोरेटो बाटो निर्माण | ९,००,००० | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | २,००,००० | | |
| | ४,००,००० | | | | १,५०,००० |
| | | | | वृक्षारोपण घेरावार | १,५०,००० |
| | | | | | |
| टिम्तुङ थो अधुरो ढल निकास | २,००,००० | विमचेत डम्पिङ | २,००,००० | | |
| छात्रवास देखि थोयोर सम्मको अधुरो ढल निकास | २,००,००० | | | | |
| | | | | | |
| | | | | | |
| | | | | वडा कार्यालय व्यवस्थापन | २,००,००० |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | ६०,००,००० | | ५०,००,००० | | ७०,००,००० |

| वडा नं. ५ | बजेट | वडा नं.६ | बजेट | वडा नं.७ | बजेट |
|---|---|---|---|---|---|
| | | | १०००००० | | ५,००,००० |
| | | | | | |
| | | | | | |
| | | | | **घुमतिगोठ सुधार कार्यक्रम** | ३,००,००० |
| | | | | | |
| कचुवा ढुंगा संरक्षण तथा पार्क निर्माण | ९,००,००० | गुम्बा सामाग्री खरिद | ५,००,००० | मापु ताल लभ बोर्ड निर्माण | २,००,००० |
| चमेरो गुफा-भोटे लामा पदमार्ग निर्माण | २,००,००० | हिमालयन चर्च व्यवस्थापन | २,००,००० | | |
| | | काशीगाउँ मानेको प्रतिक्षालय तथा रेलिङ निर्माण | ३,००,००० | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| स्वास्थ्यचौकी संचालन तथा व्यवस्थापन-वडा स्तरिय | १,५०,००० | | **१५,५०,०००** | | **१५,००,०००** |
| सुर्योदय मा.वि.राष्ट्रपति रनिङ शिल्ड तथा स्काउट व्यवस्थापन | २,००,००० | | | कालरात्री मा.वि छात्रवास ट्रस्ट भवन निर्माण | ५,००,००० |
| सुर्योदय मा.वि.सामुदायिक ट्रस्टहल क्रमागत | २,५०,००० | स्वास्थ्यचौकिको व्यवस्थापन तथा आवश्यक सामाग्री खरिद | १,००,००० | स्वास्थ्य तथा पोषण कार्यक्रम | १,००,००० |
| | | | | लापुवेसी स्वास्थ्यचौकी मर्मत | १,००,००० |
| लब्सीबोट आरान व्यवस्थापन | १,५०,००० | कासीगाउँ ढल निकास | ५,००,००० | डाँडागाउँ खानेपानी निर्माण | १,५०,००० |
| रेसे सिंला मेला खेलकुद व्यवस्थापन | २,००,००० | यार्सागाउँ भित्र ढल निकास | ५,५०,००० | नयाँ बस्ती खानेपानी निर्माण | ३,००,००० |
| सिंहदेवी आ.वि.भवन मर्मत सम्भार | २,००,००० | श्री मंजुश्री मा.वि.खानेपानी निर्माण | ३,००,००० | | |
| | | | | महिला सशक्तिकरण | १,००,००० |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | राष्ट्रपति रनिङ सिल्ड खेलकुद व्यवस्थापन | १,००,००० | राष्ट्रपपति रनिङ शिल्ड कार्यक्रम कालरात्री मा.वि. | १,००,००० |
| | | | | राष्ट्रपपति रनिङ शिल्ड कार्यक्रम प्रभातकिरण मा.वि. | १,००,००० |
| | | | | खेलकुद व्यवस्थापन | ५०,००० |
| | | | **२५,५०,०००** | | **२३,००,०००** |
| लब्सीबोट सामुदायिक भवन क्रमागत | ९,००,००० | धारकाङ टोल आरन भवन निर्माण | २,००,००० | पारिगाउँबाट माझगाउँजाने गोरेटो बाटो निर्माण | ४,००,००० |
| पुड्सदेखि वडा कार्यालय शाखा सडक स्तरउन्नती | १०,००,००० | | | पुच्छार गाउँबाट वडा कार्यालय सम्म ढलानबाटो निर्माण | ५,००,००० |
| मुल सडक सिहदेवी आ.वि.सम्म गोरेटो बाटो निर्माण | ५,००,००० | | | मोटरवाटो देखि वडा कार्यालय सम्म ढलानबाटो निर्माण | ५,००,००० |
| यामगाउँ सामुदायिक ट्रस हल क्रमागत | ५,५०,००० | | | खानिवेशी गोरेटो बाटो निर्माण | १,००,००० |
| लब्सीबोट मानी डाँडा वस्ने ठाउँ रेलिङ निर्माण | २,५०,००० | | | पान्द्राङ गाउँ चौतारो निर्माण | ३,००,००० |
| खानिवेसी शाखा सडक स्तरोन्नती | २,००,००० | | | लिदिङ गोरेटोबाटो निर्माण | २,००,००० |
| | | | | झ्याटुङ गोरेटोबाटो निर्माण | ३,००,००० |
| | | | | | |
| | | सरजङवेसी टोम्जि बेसीदेखी कासीगाउँ जोड्ने मोटर बाटो | १५,००,००० | | |
| | | शाखा सडक यार्सा गाड-ठुलो ढुङ्गा | ४,५०,००० | | |
| | | यान्दनचो पुरानो गुम्बा बाटो मर्मत तथा रेलिङ निर्माण | ४,००,००० | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| कुलगाउँ ग्याविन निर्माण तथा ढल व्यवस्थापन | ५,००,००० | | **२,००,०००** | | **८,००,०००** |
| सिंला छपनि बाटो निर्माण तथा ढल व्यवस्थापन | ११,००,००० | सुर्यदेवी आ.वी पहिरो नियन्त्रण | २,००,००० | | |
| माछिखोला वजार ढल व्यवस्थापन | ५,००,००० | | | | |
| | | | | खानीगाउँ ढल निर्माण | ५,००,००० |
| | | | | फोहोरमैला व्यवस्थापन | ३,००,००० |
| | | | | | |
| | | | | | |
| वडा कार्यालय मर्मत तथा व्यवस्थापन | २,५०,००० | वडा कार्यालय व्यवस्थापन | **२,००,०००** | वडा कार्यालय व्यवस्थापन | **४,००,०००** |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | **८०,००,०००** | | **५५,००,०००** | | **५५,००,०००** |

**सभाध्यक्ष महोदय,**

अन्तमा, यस आ.व को बजेट निर्माण गर्नको लागि सहयोग गर्नुहुने सम्मानित सभाका अध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सबै विषयगत समितिहरु, राष्ट्रसेवक कर्मचारीहरु, अन्य संघ संस्थाहरु, समाजसेवी, बुद्धिजीवि लगायत प्रत्यक्ष/अप्रत्यक्ष सहयोग तथा सुझाव दिनु हुने व्यक्तित्वहरु प्रति हार्दिक आभार तथा कृतज्ञ व्यक्त गर्दै बजेट माथि छलफल तथा सहजीकरणको लागि गाउँसभाका सम्पुर्ण सदस्यज्यूहरु सक्रिय सहभागी भई सहयोग गर्नुहुनेछ भन्दै बजेट प्रस्तुतिकरण यही अन्त्य भएको सम्मानित सभा समक्ष जानकारी गराउँदछु । **धन्यवाद**

.........................

**सुनिला गुरुङ**

**उपाध्यक्ष**

**जय धार्चे ।**

**मिति २०८२।०३।२३ गते रोज २ शुभम् ।**